# देवचुली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३


प.सं. - २०७६/०७७
च.नं. -

मिति : २०७७/०१/१४

**विश्वव्यापी रुपमा फैलिएको नोभेल कोरोना भाईरस (कोभिड १९) नियन्त्रण तथा रोकथामका लागि देवचुली नगरपालिकाले हाल सम्म गरेका क्रियाकलापहरु :**

१. देवचुली नगरपालिकामा नवलपुर जिल्लामा सबै भन्दा पहिला कर्मचारी र सेवाग्राहीलाई साबुनपानीले हात धोएर मात्र कार्यालय प्रवेश गर्ने व्यवस्थाको शुरुवात ।

२. मिति २०७६/११/१८ गते सम्भावित कोरोना भाइरसबाट बच्ने उपाय बारे जनचेतना तथा आवश्यक पूर्व तयारी सम्बन्धमा वडा कार्यालय र स्वास्थ्य संस्थाहरुलाई पत्राचार ।

३. मिति २०७६/११/२७ मा कोरोना भाईरस (कोभिड १९) नियन्त्रण तथा रोकथामका लागि नगर स्तरिय पूर्व तयारी बैठक ।

४. नगरपालिकामा सुचना केन्द्रको स्थापना । ७/८ जना कर्मचारी मार्फत **Online Base** मा काम गरिरहेको । दैनिक रुपमा स्वास्थ्य संस्थाको **OPD** मा आउने व्यक्तिहरुको अभिलेख र विदेशबाट आई होम क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको स्वास्थ्य अवस्था अद्यावधिक गरी प्रत्येक दिनको प्रतिवेदन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौं, सामाजिक विकास मन्त्रालय,गण्डकी प्रदेश पोखरा र जिल्ला प्रशासन कार्यालय नवलपुरमा पठाइएको ।

५. **Rapid Response Team (RRT)** गठन तथा क्रियाशिल ।

६. मिति २०७६/१२/१३ मा स्थानीय विपद व्यवस्थापन समितिको बैठक । नगरपालिकाको मेयर विपद राहत कोषमा रु. १ करोड विनियोजन । विदेशबाट आएकालाई **Quarantine** मा राख्ने व्यवस्था मिलाउने । **Quarantine** मा राखेका व्यक्तिलाई खाना, बेड लगायत सम्पूर्ण व्यवस्था मिलाउने । खाद्यान्न, तरकारी, फलफूल पसल दिउसो १२ देखि ४ बजे सम्म खोल्ने व्यवस्था गर्ने लगायतको निर्णय ।

७. मिति २०७६/१२/१४ मा देवचुली नगरपालिकाका सबै स्वास्थ्य संस्थाहरुमा **PPE set, Surgical Goun, Mask, Sanitizer** र **Digital Tharmometer** वितरण ।


email : devchulimun@gmail.com

८. मिति २०७६/१२/१५ मा खाद्यान्न बैंक (**Food Bank**) को स्थापना । विभिन्न व्यक्ति र संघ संस्थाबाट खाद्यान्न सहयोग आउने क्रम जारी रहेको ।

९. मिति २०७६/१२/१६ र १७ गते देवचुली नगरपालिकाका एम्बुलेन्स चालकहरुलाई **PPE set, Mask, Gloves** र **Sanitizer** वितरण ।

१०. मिति २०७६/१२/१७ गते दैनिक ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने अति विपन्न घर परिवारलाई नगरपालिकाले मापदण्ड तयार गरि राहत वितरण गर्ने निर्णय । मिति २०७६/१२/१८ गते देखि पहिलो चरणको राहत वितरण कार्य शुरु गरिएको ।

११. सबै वडामा वडा स्तरिय विपद व्यवस्थापन समिति गठन भई क्रियाशिल रहेको । वडा स्तरिय विपद व्यवस्थावन समिति मार्फत दैनिक ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने अति विपन्न घर परिवारको विवरण संकलन ।

१२. प्राकृतिक चिकित्सालय रजहर र वडा नं. ११ मा सामुदायिक **Quarantine** कक्ष स्थापना । हाल सम्म सामुदायिक क्वारेन्टाइनमा २५ र होम क्वारेन्टाइनमा १०६ जना रहेकोमा सबै १४ दिनको क्वारेन्टाइन अवधि पुरा गरी घर गएका ।

१३. राहत वितरण कार्यमा राजनितीक दल, जन प्रतिनिधि र कर्मचारी परिचालन । राजनितीक दल, जन प्रतिनिधि, न.पा. का कर्मचारी र वडा सचिव राहत वितरण कार्यमा सक्रिय रहेका ।

१४. निजी अस्पताल र औषधी पसलले सेवा दिए नदिएको र आवश्यक बस्तुको निर्वाध आपूर्ति भए नभएको अनुगमन गरिएको ।

१५. सुरक्षाकर्मी सँग समन्वय, नियमित अनुगमनका लागि साधन र स्रोत उपलब्ध गराएको ।

१६. पहिलो चरणमा दैनिक ज्याला मजदुरी गर्ने २०४५ अति विपन्न घर परिवारका ८३३१ जनालाई ३५९.२८ क्वीन्टल चामल, १८.२९ क्वीन्टल दाल र २०.२५ क्वीन्टल नुन वितरण कार्य सम्पन्न ।

१७. कोरोना भाईरस (**COVID -19**) महामारी पूर्व तयारी स्वरुप स्वयंसेवक आव्हान । हाल सम्म १३ जना स्वयंसेवकहरुले स्वेच्छिक रुपमा यस नगरपालिकामा आवेदन गरेका ।

१८. सामुदायिक तथा निजी क्वारेन्टाईनमा रहेका १०० जनाको **RDT** र ५ जनाको **PCR** विधिद्धारा स्वास्थ्य परिक्षण । सबैको Report Negative देखिएको देवचुली नगरपालिकामा हाल सम्म कोही पनि कोरोना संक्रमित नरहेको ।

१९. देवचुली नगरपालिकाको जन ज्योति मा. वि. को **Science Lab** मा उक्त विद्यालयका विज्ञान शिक्षकहरुद्धारा मा Sanitizer उत्पादन गरी प्रयोग गरिएको ।

२०. राहत वितरण एकद्धार प्रणाली मार्फत गरिएको । प्रतिनिधि सभाका सभासद माननीय डा. सशांक कोइराला र तिलक महत लगाएतका व्यक्ति/संस्थाद्धारा स्वास्थ्य सामाग्री सहयोग प्राप्त भएको ।

२१. खाद्यन्न बैंकमा हाल सम्म विभिन्न व्यक्ति तथा संघ/संस्था मार्फत रु. २०,००,०००/- (बीस लाख) बराबरको नगद तथा खाद्यान्न सहयोग प्राप्त भएको । मिति २०७७/०१/०४ सम्म खाद्यान्न वितरणमा रु. १८,९३,७७९/- खर्च भएको ।

२२. देवचुली नगरपालिका भित्रका डायलाइसिस गर्नु पर्ने मृगौला रोगी बिरामीलाई अस्पताल सम्म पुऱ्याउन नि :शुल्क एम्बुलेन्सको व्यवस्था गरिएको ।

२३.देवचुली नगरपालिकामा अप्रमाणित रुपमा Disinfection spray छर्न प्रतिवन्ध लगाईएको ।

२४. दुध बिक्री नहुँदा किसानलाई परेको घाटा कम गर्न दुग्ध सहकारी संस्थाहरुलाई मक्खन निकाल्ने मेशिन खरिद गरिएको ।

२५. देवचुली नगरपालिकाका किसानहरुलाई धानको बीउ सम्भावित अभाव हुन नदिन स्टक सुनिश्चित गरिएको ।

२६. कृषि योग्य सिंचाई हुने जमिन बाँझो नराख्न कृषकहरुलाई आग्रह गरिएको ।

२७. साना सिंचाई पूर्वाधारमा लगानी बढाइएको ।

२८. दोस्रो चरणको राहत बितरण शुरु भएको ।

२९. लकडाउन कार्यान्वयनमा नगर, वडा, स्थानीय क्लव तथा टोल समिति सक्रिय रहेको ।

३०. देवचुली नगरपालिकाका विभिन्न वडाबाट अध्ययन/अध्यापनका लागि गई नेपाल सरकारको लकडाउनको कारण काठमाण्डौमा अलपत्र अवस्थामा रहेका विद्यार्थीहरुलाई आ-आफ्नो घर सम्म ल्याउन सहजीकरण गरिएको ।

०१/१५

(पूर्ण कुमार श्रेष्ठ)
नगर प्रमुख

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

email : devchulimun@gmail.com